मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी

०६९-४२००२२

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/०८२
चलानी नं.

मितिः- २०८१/०४/१४
११४४ दिल्लागा ९ सोमवार

## कृषक दाजुभाई तथा दिदिबहिनीहरुमा मालिका गाँउपालिकाको अनुरोध ।


मालिका गाँउपालिकाको विभिन्न स्थानहरुमा तरकारी बालीहरुमा देखिन लागेका रोग किराको समस्या व्यवस्थापनका उपायहरु अपनाउनुहुन अनुरोध छ।



### १. किराको नामः थोप्ले खपटे (Spotted Beetle)

**पहिचानः** वयस्क खप्टे घोप्टे खपटो बनावटको अण्डाकार शरिर । फिक्का खैरो अघिल्ला पखेटाहरुमा १४ काला थोप्लाहरु । ८ देखि ९ मि.मि. लामो शरिर । लाभ्रे पहेलो । शरिर भरि हाँगा फाटियका काँडाहरु भएको लार्भा । (दाहिने तर्फको चित्रमा)

**नोक्सानी गर्ने बालीः** करेला, काक्रा, आलु, भण्टा आदि।




**क्षतिको लक्षणः** हरिया पातहरुका नसाहरु बिचका तन्तुहरु खाएर एक खास किसिमको आखे-झ्याल बनावटको लक्षण । नसाहरु मात्र देखिने गरि सुकेका खैरा पातहरु। (देब्रे तर्फको चित्रमा)

**रोकथामका उपायहरुः** सिगार बानावटका साना पहेला फुलहरु, लाभ्रेहरु र वयस्कहरु **टिपि नष्ट गर्ने** । **निमजन्य** जैविक विषादीको पानी झोलले उपचार गर्ने । अथवा २ एम.एल. प्रति लिटर पानीका दरले **मालाथायन**को झोल मिश्रण बनाई संक्रमित बोटमा उपचार गर्ने । **साइपरमेथ्रिन** २०% इसी ०.४ मिलि प्रति लिटरको दरले छर्ने।

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
२०७३
०६९-४२००२२
गण्डकी प्रदेश, नेपाल

२. **धानको पहेलो गबारोः ( yellow rice borer-*scripophaga incertulas* )**

**पहिचानः** वयस्क पुतली पोथीका चम्किला पहेला-खैरा अघिल्ला पखेटाहरु प्रत्येकमा स्पष्ट देखिने कालो थोप्ला । पेटका पुछारमा पहेला रौहरुको गुच्छा । भाले पुतलीका फिक्का खैरा अघिल्ला पखेटाहरुको चुच्चो परेको ठाँउमा खैरा मसिना थोप्लाहरु । फिजिएका पखेटाहरुका नाप ३२ मि.मि. र शरिरको लम्बाई १३ मि.मि. । लाभ्रेः पहेलो सफा शरिर २० मि.मि. लामो ।



**नोक्सान गर्ने वालीः** धान



**क्षतिको लक्षणः** गुवो मरेको वोट, गुवो तान्दा सजिलै आउने, सेतो धानको बाला ।

**व्यवस्थापनः**

- धान रोपिसकेर १० देखि ४० दिनपछी बालिको निरीक्षण गर्ने ।
- वेर्नाको टुप्पो चुडाई रोप्ने र धान काट्दा जमिनको सतह छुने गरी काट्ने ।
- प्रकाश पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षण गरी मार्ने।
- धान खेतको वरीपरी सयपत्री अथवा सुर्यमुखी फुल रोप्ने।
- माकुरा लामासिंगे फट्याग्रा जस्ता मित्र जीवको संरक्षण गर्ने।
- गबारोको धेरै प्रकोप १०% भन्दा बढी भएमा रसायनिक विषादी कार्टापहाईड्रोक्लोराइड ४% वा क्लोरान्ट्रानिलीप्रोल ०.४% वा फिप्रोनिल 0.३ जी.आर. दानादार विषादी २५ प्रति हेक्टर वा क्लोरोपाईरिफस २०% EC २ मि.ली प्रति लिटर पानीका दरले प्रयोग गर्न सकिन्छ।

मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
२०७३

०६९-४२००२२
गण्डकी प्रदेश, नेपाल

### ३. धानको मरुवा रोग (RICE BLAST) *Magnaporthe oryzae*






**पहिचानः** पहिलो अवस्थामा रोग लागेको धान बालीमा खैरो कालो दाग देखा पर्छन् । विस्तारै यो रोग बढ्दै जान्छ र ठूला काला थोप्ला विचमा सेतो डुङ्गा आकारका दागहरु प्रष्ट देखिन्छन् । पसाई सकेको बालाको घाँटीमा आक्रमण भएमा बाला देखि तलको डाँठको वरीपरी खैरो दाग देखिन्छ र यसले गर्दा बाली उत्पादनमा १००% सम्म नोक्सान पुर्याउछ।

- पातमा शीतका थोपाहरु रहिरहने र नाईट्रोजन मलको बढी प्रयोग भई विरुवा कलिला र हरिया छन् भने यो रोगको महामारीको रुपमा फैलिन सक्छ।

**व्यवस्थापन :**

- सन्तुलित मलखादको प्रयोग गर्ने र एकै पटक पुरा नाईट्रोजन मलको प्रयोग नगर्ने।
- खेतबारी आली तथा वरिपरी रहेका अन्न बालीको झारपात हटाई खेत सफा राख्ने।
- धान बाक्लो गरी नरोप्ने
- माथिका विधिबाट रोग व्यवस्थापन नभएमा ट्राइसाइकाजोल ७५% WP ०.७५ ग्राम वा हेक्जाकोनाजोल ५% EC २ मिलि वा क्रेसोक्जीम मिथाइल ४४.३% SC १ मिलि पानीमा मिसाई १० दिनको फरकमा २-३ पटक छर्ने।

४. इँटबुट्टे पुतली (Diamond back moth) *Plutella Xylostella*

**पहिचानः** वयस्क पुतली खैरो रङको हुन्छ। पखेटाको भित्री किनारामा सेतो त्रीकोनाकार तिनवटा चिन्हहरु हुन्छन्। पुतली बसेको बेला उक्त चिन्ह मिलेर इँटको आकार बन्दछ।

**क्षति गर्ने बालीः** फूलगोवी समूह ( काउली, बन्दा, मुला, रायो, सलगम र ब्रोकाउली )



**क्षतिको पहिचानः** पातको हरियो भाग खाई दिनाले पातहरु हरियो झिल्ली जस्तो बन्दछन् । प्रकोप बढी भएमा विरुवाको सम्पुर्ण भागहरु नष्ट भई बढ्न सक्दैनन्।

**व्यवस्थापनः**

- तरकारी लिसकेपछी बाकी रहेका बोट र पातलाई नष्ट गर्ने।
- फूलकोबी समूहका बाली र गोलभेडा संगै लगाउने।
- प्राकृतिक सत्रुहरु जस्तैः कमिला माकुरा र चरा आदीको संरक्षण गर्ने।
- एजाडिराक्टिन ०.०३% EC ५ मि.लि. प्रति लीटर पानीमा राखेर छर्ने।
- ईमामेक्टिन बेन्ज्वाईट ५% SC ०.५ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्ने।

अशोक रिजाल
प्रमुख प्रशासकीय अधिकृत